# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

२०८०।१०।०९

### रत्ननगर नगरपालिकाको राजस्व कर दाखिला गर्ने वारेको अत्यन्त जरुरी सूचना !

रत्ननगर नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण नगरवासी करदाता, उद्योगी, व्यवसायी, घर बहालमा लगाउने घरधनी व्याक्ति तथा संस्थाहरुमा हार्दिक अनुरोध ।

रत्ननगर नगरपालिकाका सम्पूर्ण करदाताहरुले रत्ननगर नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम नगरपालिकालाई बुझाउनु पर्ने सबै किसिमका करहरु समयमा दाखिला गर्नका लागि यस नगरपालिकावाट पटक-पटक सार्वजनिक सूचना जारी हुदै आएको व्यहोरा जानकारी गराईन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहमा व्यवसाय दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नुपर्ने अनिवार्य र पहिलो कानूनी दायित्वको पालना नगरी व्यवसाय संचालन गरेको पाईएको, स्थानीय तहमा एकपटक व्यवसाय दर्ता गरी बर्षौंसम्म नविकरण नगरेको, घर वहालमा लागाउने घरधनी वा संस्थाले नगरपालिकामा दाखिला गर्नु पर्ने घरवहाल कर दाखिला गर्ने नगरेको, अधिकांस सम्पति कर समयमा दाखिला हुन नआएको हुँदा पूनः यो सूचना प्रकाशन गरिएको छ । कानून बमोजिम करको दायित्व रहेका व्यक्ति वा संघ/संस्थाले ३० दिन भित्र नगरपालिकालाई बुझाउनु पर्ने बक्यौता रकम दाखिला गर्नु /गराउनु हुन अनुरोध छ । समयमा सम्पूर्ण बक्यौता रकमहरु दाखिला हुन नआएमा नगरपालिकाको आर्थिक ऐन तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम तपसिलको प्रकृया अघि बढ्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ । यो सूचनालाई अटेर गरी करको दायरामा नआउने व्यक्ति, संघ, संस्था उपर कानून बमोजिम भईजाने व्यहोरा समेत अनुरोध छ ।

अन्य थप जानकरी एवं अनुरोध :

१. सम्पत्ति कर दाखिला नभएका व्यक्ति वा संस्था, घरवहाल कर दाखिला गर्नु पर्ने दायित्व भएका व्यक्ति वा संस्था, व्यवसाय दर्ता नभएका वा बर्षौदेखि नविकरण नभएका व्यवसायीहरुलाई रत्ननगर नगरपालिकावाट प्रदान गरिने सबै प्रकारका सेवाहरु (जुन सुकै प्रयोजनका लागि सम्पत्ति मुल्यांकन, मालपोत, बैंक प्रयोजन, विद्युत, लगायत अन्य कुनै पनि सेवा) रोक्का गर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।

२. व्यवसाय दर्ता नभएका, नविकरण नभएका, बक्यौता बाँकी रहैंका व्यवसायीहरुलाई यसै सार्वजनिक सूचना मार्फत जानकारी गराउँदै, सूचनाको बर्खिलाप भएको पाईएमा कार्यालयवाट खटिने (नगर प्रहरी, जनप्रतिनीधि, कर्मचारी सहितको) राजस्व अनुगम (गस्ति) टोलीले कानून बमोजिमको प्रकृया पूरा गरी त्यस्ता व्यवसाय बन्द गर्ने, जफत गर्ने लगाएतका कार्यहरु समेत गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

३. रत्ननगर नगरपालिका भित्र घर बहालमा लाएका घरधनी वा संस्थाहरुको घर वहाल लागाएको विवरण सम्वन्धित सरोकारवाला निकायहरु मार्फत प्राप्त गरी बहालमा लगाईएको रकम बरावर कायम हुन आउने घर बहाल करलाई ऐनमा उल्लेखित अधिकतम दरको जरिवाना सहित सम्पत्तिकर प्रणालीमा रहेको यस कार्यालयको अभिलेखमा प्रविष्ट गरिनेछ ।

४. घर नक्सा पास गरी वा घर नक्सा पास नगरी बनाईएका संरचनाहरुको यथार्थ विवरण यस कार्यालयको अभिलेखमा प्रविष्ट हुन वाँकी रहेका सम्पूर्ण संरचनाहरु कार्यालयको अभिलेखमा प्रविष्ट गर्नु हुन सूचित गरिन्छ, अन्यथा कानून कमोजिम करवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

..........................
(सुकदेव लम्साल)
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत